# संघीय संसद

# राष्ट्रिय सभा

# चौधौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २२ असार २०८०

# शुक्रवार

# बैठक सङ्ख्या- २४

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री गणेश प्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १२:२९ बजे प्रारम्भ भयो ।

**(१२:३२ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू र मनोनीत माननीय डा. विमला राई पौडयाल टेबुल ठोक्दै आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

माननीय सदस्यहरू, विमला घिमिरे माननीय । सङ्क्षेपमा आफ्नो भनाइ राख्नु ।

**(१२:३२ बजे)** **माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यही २०८० असार १८ गते एक भारतीय मुलका नेपालमा बसोबास गर्ने सरदार प्रीतम सिंहको ८८ औं जन्म दिनको अवसरमा एउटा पुस्तक विमोचन कार्यक्रममा देशका सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहालले निकै मुस्कानका साथ र गर्वका साथ दिनुभएको अभिव्यक्ति म यहाँहरूको बिचमा राख्न चाहन्छु ।

उहाँ राजनीतिमा चासो लिनुहुन्छ । मलाई प्रधानमन्त्री बनाउन पटक पटक दिल्ली जानुभो' केही दलका नेताहरूसँग समेत छलफल गर्नुभयो । राजनीति सफा भयो भने मात्र देश सफा हुन्छ । अभिव्यक्ति उहाँले प्रीतम सिंहको हवला दिँदै भन्नुभ'को थियो । यो अभिव्यक्तिले आज हाम्रो सामाजिक सञ्जालमा मात्रै होइन पूर्वमेचीदेखि पश्चिम महाकालीसम्म हिमालदेखि तराईसम्म निकै विरोध भइरहेको छ । र नेपालको स्वतन्त्रता, सार्वभौमिकता, राष्ट्रियता, स्वाधीनता र भौगोलिक अखण्डता र नेपाली जनताको स्वाभिमानमाथि आँच आउने गरी दिइएको यो अभिव्यक्तिले सारा श्रमजीवि नेपालीहरूको शिर झुकेको छ । सम्माननीय अध्यक्षज्यू, यो भनाइले हाम्रो देशको सम्मानित संसद र संसदहरूको समेत अपमान मात्रै भएको छैन । यसले संविधानको धारा ५ को समेत आकर्षित भएको छ । सम्माननीय अध्यक्षज्यूमार्फत म सोध्न चाहन्छु । नेपालको प्रधानमन्त्री जनताद्वारा चुनिएको यो सार्वभौम सांसदले बनाउने हो कि? कतै दिल्लीलाई खुसी बनाएर पाउने हो? के साँच्चै भारतका लागि कम्फर्टेवल सरकार दिल्लीबाटै बनेको हो त? यो प्रश्न गम्भीर रूपले नेपाली जनताले उठाइरहेका छन् । हामीले कुनै आग्रह, पूर्वाग्रह र कुन्ठाले यो गरिमामय सदन अवरूद्ध गरिरहेका छैनौं । हामी त नेपालको सार्वभौमिकता र संसदको गरिमाको रक्षा गर्ने हाम्रो दायित्व हो भनेर यो निर्वाह गरिरहेका छौं । दायित्व निर्वाह गरिरहेका छौं । यो राष्ट्र निर्माणमा हाम्रा वीर पूर्खा भक्ति थापा, अमर सिंह, वीर बलभद्रलगायतको रगत र पसिना बगेको छ । अहिले कसैको उपनिवेश नभएको हाम्रो मुलुकमा देशकै सम्माननीय पदमा रहेर प्रधानमन्त्रीले दिएका आत्मसमर्पणवादी अभिव्यक्तिले हाम्रो दल नेकपा एमालेको गम्भीर ध्यानाकर्षण भएको छ । र यसलाई हामी गम्भीर असहमति जनाइरहेका छौं । आफ्नै पदको लागि आत्मसमर्पण गर्ने प्रधानमन्त्रीद्वारा नेपाली जनतालाई शासित हुन दिन सक्दैनौं । त्यसैले प्रधानमन्त्रीको कुर्सीमा बस्ने नैतिक अधिकार गुमाइसक्नुभएका प्रधानमन्त्रीले तत्काल राजिनामा दिनुपर्छ । राजिनामा नआएसम्म आजको कार्यसूची फेरि पनि अगाडि नबढाइयोस् । म सम्माननीय अध्यक्षज्यूको ध्यानाकर्षण गराउन चाहन्छु । धन्यवाद ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू र मनोनीत माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

**(१२:३५ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, यहाँले लगातार तीन दिनदेखि बाट यही विषयमा कुराहरू राख्नुभा'को छ । आज माननीयज्यूले एउटा विषयसँगै एउटा जिज्ञासा सोध्न चाहन्छु भनेर प्रश्न पनि अगाडि ल्याउनुभा'को छ । सायद प्रधानमन्त्रीलाई नै प्रश्न होला ।

नेपाल सरकार, नेपालको सरकार संसदले बनाउछ कि? अरू बाहिरबाट भनेर यसको उत्तर दिन पनि यहाँहरू बसेर प्रधानमन्त्रीलाई यहाँ बोल्ने वातावरण बनाउन पर्ने हुन्छ । त्यसो भएको हुँदाखेरि माननीयज्यूहरू संसद सुचारू गरौं । यहाँहरूका यस्ता जिज्ञासाहरू, प्रश्नहरूको बारेमा प्रधानमन्त्रीलाई जवाफ दिने वातावरण बनाऊँ । र त्यसपछाडि अगाडि बढ्दाखेरि उपयुक्त हुन्छ । यसकारण माननीयहरूलाई म आफ्नो आसन, आसन ग्रहण गर्नको लागि अनुरोध गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू र मनोनीत माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**ः- बसौं माननीयहरू, संवाद, छलफलबाट नै हामी धेरै कुराहरूको सबै कुराको निकास निकाल्न सक्छौं । त्यसकारण आसन ग्रहणको लागि म फेरि पनि अनुरोध गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू र मनोनीत माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्यहरू, हामीसँग विनियोजन विधेयकमाथिको छलफल र यसलाई निष्कर्षमा पुऱ्याउने समय अब धेरै छैन । यसकारण पनि यो विषयको गम्भीरतालाई बुझेर यहाँहरूका आफ्ना भनाइ, अडानहरू छँदै छन् । त्यसलाई फरक प्रक्रियाले अगाडि बढाउँदै संसदलाई सुचारू गर्न सहयोग गर्नको लागि म फेरि पनि माननीयहरूलाई आग्रह गर्दछु । यहाँहरूले आफ्नो आसन ग्रहण गर्नुभो' भने हामी यो विषयलाई अगाडि पनि लान्छौं र फेरि पनि यहाँहरूको जुन माग छ त्यो सिङ्गो राष्ट्रको ध्यानाकर्षण भा'कै छ ।र यसलाई फेरि छलफलबाट हामी अगाडि बढाउन सक्छौं । आसन ग्रहण गर्दिनुहोस् ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू र मनोनीत माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, यहाँहरूले सदन अवरूद्ध गरिरहँदा र यहाँहरूको माग पूरा नहुँदा हामी यो बजेटलाई कुनै निष्कर्षमा पुऱ्याउन सक्दैनौं । र यसै सन्दर्भमा यदि हामीले यसलाई हामीले निष्कर्षमा पुऱ्याएनौं भने १५ दिनपछि यो बजेट छलफल हामीले नगर्दा स्वतः यो प्रतिनिधि सभामा जान्छ र हाम्रो भूमिका त्यसले न्यून हुन जान्छ । राष्ट्रिय सभाको भूमिकालाई प्रभावकारी बनाउन र संसदमा प्रस्तुत भएको बजेट र विनियोजन विधेयक त्यसका शीर्षकमा छलफल गरेर त्यसलाई बढी जनताको पक्षमा, भविष्यमा बनोस् भन्नको लागि पनि यहाँहरूको भूमिका महत्त्वपूर्ण रहन्छ । यसकारण यो कुरालाई मध्यनजर राख्दै यहाँहरूको आफ्नो माग यथावत राखेर यो बैठक सुचारू गर्दा सबैभन्दा उपयुक्त हुन सक्छ । यसकारण माननीयहरूलाई आसन ग्रहणको लागि फेरि पनि आग्रह गर्दछु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू र मनोनीत माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्यहरू, विनियोजन विधेयक, २०८० को शीर्षकगत छलफलसम्बन्धी कार्य तालिकाअनुसार छलफल हुन नसकेकोले पूर्वनिर्धारित कार्य तालिका परिमार्जन गरिएको बेहोरा जानकारी गराउँछु । जसअनुसार छलफल हुन बाँकी शीर्षकहरूमाथि छलफल लागिको लागि असार २४ गते र छलफलमा उठेका प्रश्नहरूको सम्बन्धित मन्त्रीहरूबाट जवाफको लागि असार २५ र २६ गतेका दिनहरू निर्धारण गरेको छु ।

(प्रमुख प्रतिपक्षी दल नेकपा एमालेका माननीय सदस्यहरू र मनोनीत माननीय डा. विमला राई पौडयाल आआफ्नो आसनअगाडि उभिरहनुभएको ।)

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल असार २४ गते आइतवार बिहान ११ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० असार साल असार २४ गते आइतवार बिहान ११ बजेर ३१ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो) ।

**स्थगितः- १२:५१ बजे ।**